# विधवा महिलाहरुको पुनर्विवाह सम्बन्धी धारणा

## (पोखरा लेखनाथ महानगरपालिका वडा नं ५ मा आधारित समाजशास्त्रीय अध्ययन)

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजीक शास्त्र सङ्काय अन्तर्गत

समाजशास्त्र तथा ग्रामीण विकास विभाग

स्नातकोत्तर तह दोस्रो वर्षको समाजशास्त्र विषयको दशौं

पत्रको प्रयोजनका लागी प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

सिर्जना डुम्रे

रोल नं. : १८८/०६६

परिक्षा रोल नं. :४८०६०५/०६८

त्रि.वि.दर्ता. नं : ६-२-५७३-११-२००६


त्रिभुवन विश्वविद्यालय

समाजशास्त्र तथा ग्रामीण विकास विभाग

पृथ्वीनारायण क्याम्पस

पोखरा, २०७४

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, सामाजिक शास्त्र तथा ग्रामीण विकास विभागद्वारा स्नातकोत्तर तह द्वितीय वर्षको समाजशास्त्र विषयको शोधपत्र परिपूर्तिको लागि मेरा प्रत्यक्ष निर्देशन र सुपरिवेक्षणमा रही सिर्जना डुम्रेले **"विधवा महिलाहरुको पुनर्विवाह सम्बन्धि धारणा (पोखरा लेखनाथ महानगरपालिका वडा नं ५ मा आधारित समाजशास्त्रीय अध्ययन)"** शीर्षकमा यो शोधपत्र तयार पार्नु भएको हो । यो शोधपत्र सम्वन्धी उहाँको कार्यप्रति म सन्तुष्ट छु । प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..............................................

सहप्राध्यापक शान्ती भुषाल

शोध निर्देशक

सामाजिक तथा ग्रामीण विकास विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

# स्वीकृति पत्र

त्रिभवुन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत पृथ्वीनारायण क्याम्पस, समाजशास्त्र तथा ग्रामिण विकास विभागमा प्रस्तुत स्नातकोत्तर तह द्वितीय वर्षको समाजशास्त्र विषयको शोधपत्रको आंशिक आवश्यकता पुरा गर्नका लागि छात्रा सिर्जना डुम्रेले तयार गर्नु भएको **"विधवा महिलाहरुको पुनर्विवाह सम्बन्धि धारणा** (**पोखरा लेखनाथ महानगरपालिका वडा नं ५ मा आधारित समाजशास्त्रीय अध्ययन**)**"** शीर्षकको यो शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

शोधपत्र मुल्याकंन समिति

..................................

सहप्राध्यापक शान्ती भुषाल

शोध निर्देशक

...................................

नेत्र नारायण पौडेल

बाह्य परीक्षक

......................................

प्रा.डा. विश्वकल्याण पराजुली

विभागीय प्रमुख

मितिः

# कृतज्ञता ज्ञापन

यस शोधपत्र त्रिभुवन विश्वविद्यालय समाजशास्त्र तथा ग्रामिण विकास सकांय, पृथ्वीनारायण क्याम्पस,समाजशास्त्र तथा ग्रामिण विकास विभाग अर्न्तगत प्रस्तुत अध्ययन स्नातोकोत्तर तहको आशिंक आवश्यकता पुरा गर्ने उद्देश्यले **“विधवा महिलाहरुको पुनर्विवाह सम्बन्धि धारणा, पोखरा लेखनाथ महानगरपालिका वडा नं ५ मा आधारित समाजशास्त्रीय अध्ययन”** शीर्षकमा पोखरा लेखनाथ महानगरपालिका वडा नं ५ मा आधारित रही शोध अध्ययन गरिएको हो ।

यस अध्ययन कार्यलाई सम्पन्न गर्ने क्रममा मलाई कुशल नेतृत्व साथै अध्ययनको सिलसिलामा महत्वपुर्ण सल्लाह सुझाव तथा परामर्श दिई सहयोग र हौसला प्रदान गर्नुहुने मेरो शोधपत्र निर्देशक आदरणीय म्याडम सहप्राध्यापक शान्ती भुषाल ज्यु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । शोध अध्ययनका लागी महत्वपुर्ण सुझाव एवम् सल्लाह दिनुहुने विभागीय प्रमुख आदरणीय गुरु प्राध्यापक डा.विश्वकल्याण पराजुली ज्यु प्रति कृतज्ञता ज्ञापन गर्दछु । साथै समाजशास्त्र तथा ग्रामिण विकास विभागका सम्पुर्ण आदरणिय गुरुहरुप्रति पनि धन्यवाद प्रकट गर्दछु ।

तथ्याकं सकंलनका क्रममा आफनो व्यस्तताका बाबजुद पनि आफनो अमुल्य समय उपलब्ध गराई मैले सोधेका प्रश्नहरुको जवाफ हसिलो मुहारबाट व्यक्त गरिदिने पो.ले.म.न.पा. ५ का विधवा महिलाहरु प्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै द्धितिय तथ्याकं सकंलनको क्रममा मलाई आवश्यक सुचनाहरु उपलब्ध गराउनु हुने विभिन्न विशिष्ट व्यक्तिहरु प्रति पनि विशेष धन्यवाद दिन चाहन्छु ।

यसैगरी शोध अध्ययनका लागी उत्साह, हौसला साथै उर्जा प्रदान गरी प्रेरणादायी भुमिका निर्वाह गर्नुहुने मेरा श्रीमान श्री नरेन खतिवडा, दिदि तुलसी डुम्रे र आमा दुर्गादेवी डुम्रे प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**सिर्जना डुम्रे**

# विषय सूची


| | | |
|---|---|---|
| *सिफारिस पत्र* | | *ii* |
| *स्वीकृति पत्र* | | *iii* |
| *कृतज्ञताज्ञापन पत्र* | | *iv* |
| *विषयस* | | *v* |
| *तालिका सुचि* | | *vii* |
| *शोध सार* | | *viii* |
| | | ***पेज*** |
| **अध्याय एक : परिचय** | | **१-९** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | २ |
| १.३ | अध्ययनको सामान्य उद्देश्य | ७ |
| १.४ | अध्ययनको महत्व | ७ |
| १.५ | अध्ययनको सीमा | ८ |
| १.६ | संगठनात्मक संगठन | ९ |
| **अध्याय दुई : पुर्व साहित्यको समिक्षा** | | **१०-२०** |
| २.१ | अवधारणात्मक पुनरावलोकन | १० |
| २.२ | सैद्धान्तिक पुनरावलोकन | १७ |
| २.३ | पुर्वसाहित्यको समिक्षा | १९ |
| **अध्याय तीन : अनुसन्धान पद्धति** | | **२१-२२** |
| ३.१ | अध्ययन क्षेत्र छनौटको औचित्य | २१ |
| ३.२ | अनुसन्धान ढाँचा | २१ |
| ३.३ | तथ्याकंको प्रकृति र स्रोत | २१ |
| ३.४ | समग्र नमुना छनोट बिधि | २२ |
| ३.५ | तथ्याकं सकंलन बिधि | २२ |
| ३.६ | तथ्याकं प्रस्तुतिकरण र बिश्लेषण | २२ |
| **अध्याय चार : उत्तरदाताका सामाजिक तथा जानसांख्यिक विशेषताहरु** | | **२३-२७** |
| ४.१ | उत्तरदाताको उमेर समुह | २४ |
| ४.२ | धार्मिक अवस्था | २४ |

४.३ उत्तरदाताको शैक्षिक स्थिति २५
४.४ उत्तरदाताको जातजाती २६
**अध्याय पाचँ : उत्तरदाताको पुनर्विवाह सम्बन्धि धारणा र पुनर्विवाह नगर्नुका कारणहरुको विश्लेषण तथा प्रस्तुतिकरण २८-४७**
५.१ बिधवा हुँदाको उमेर २८
५.२ उत्तरदाताको बालबच्चा २९
५.३ घरमुली ३०
५.४ श्रीमानको मृत्युको कारण ३१
५.५ विवाहको प्रकार ३२
५.६ परिवारको किसिम ३२
५.७ स्वास्थ्य स्थिति ३३
५.८ प्रमुख आयस्रोत ३४
५.९ सामाजिक क्रियाकलापमा संलग्नता ३५
५.१० निर्णायक भुमिका ३६
५.११ श्रृगांरप्रतिको दृष्टिकोण ३७
५.१२ धार्मिक तथा सांस्कृतिक कार्यक्रम र पारिवारिक संस्कारमा सहभागी ३८
५.१३ बिदुर र बिधवा बिबाह सम्बन्धि धारणा ३९
५.१४ सामाजिक सुरक्षा भत्ताले पारेको प्रभाव ४०
५.१५ समाज तथा परिवारमा भोग्नुपरेका समस्याहरु ४१
५.१६ विधवा महिलाले राज्य तथा समाजसगँ राखेको अपेक्षा ४२
५.१७ विधवालाई हेर्ने दृष्टिकोणमा सकरात्मक परिवर्तन ४३
५.१८ पुनर्विवाह प्रतिको धारणा ४४
**अध्याय छ : साराशं तथा निष्कर्ष**
६.१ साराशं ४८
६.२ निष्कर्ष ५४
**सन्दर्भग्रन्थ सुची**
**अनुसुचि**

# तालिका सुची

| तालिका | | पेज नं. |
|---|---|---|
| ४.१ | उमेर समूहको आधारमा उत्तरदाताको विवरण | २४ |
| ४.२ | धर्मको आधारमा उत्तरदाताको विवरण | २५ |
| ४.३ | शैक्षिक अवस्थाको आधारमा उत्तरदाताको विवरण | २६ |
| ४.४ | जातजातिका आधारमा उत्तरदाताको विवरण | २७ |
| ५.१ | बिधवा हुँदाको उमेरका आधारमा उत्तरदाताको विवरण | २८ |
| ५.२ | बालबच्चा अनुसार उत्तरदाताको विवरण | २९ |
| ५.३ | परिवारको घरमुली आधारमा उत्तरदाताको विवरण | ३० |
| ५.४ | श्रीमानको मृत्युका कारणको आधारमा उत्तरदाताको विवरण | ३१ |
| ५.५ | उत्तरदाताहरुको विवाहको प्रकारको आधारमा विवरण | ३२ |
| ५.६ | परिवारको किसिमको आधारमा उत्तरदाताको विवरण | ३३ |
| ५.७ | स्वास्थ्य स्थिति अनुसार उत्तरदाताको विवरण | ३३ |
| ५.८ | प्रमुख आयस्रोतको आधारमा उत्तरदाताको विवरण | ३४ |
| ५.९ | सामाजिक क्रियाकलापमा सलंग्नताका आधारमा उत्तरदाताको विवरण | ३५ |
| ५.१० | निर्णायक भुमिका अनुसार उत्तरदाताको विवरण | ३७ |
| ५.११ | श्रृगांरप्रतिको दृष्टिकोण अनुसार उत्तरदाताको विवरण | ३८ |
| ५.१२ | धार्मिक तथा सास्कृंतिक संस्कारमा सहभागीका आधारमा उत्तरदाताहरुको विवरण | ३९ |
| ५.१३ | उत्तरदाताको विदुर र विधुवा विवाह सम्बन्धिको धारणाको आधारमा विवरण | ३९ |
| ५.१४ | सामाजिक सुरक्षा भत्ताले गरेको सहयोगको आधारमा उत्तरदाताहरुको विवरण | ४१ |
| ५.१५ | समाजमा बिधवाले भोग्नुपरेको समस्याका आधारमा उत्तरदाताको विवरण | ४२ |
| ५.१६ | राज्य तथा समाजसगँ गरेको अपेक्षाको आधारमा उत्तरदाताको दृष्टिकोण | ४३ |
| ५.१७ | दृष्टिकोणमा सकरात्मक परिवर्तन ल्याउन पहल अनुसार उत्तरदाताको विवरण | ४४ |
| ५.१८.क | पुर्नविवाहप्रतिको सकरात्मक धारणाको आधारमा उत्तरदाताको विवरण | ४६ |
| ५.१८.ख | पुर्नविवाहप्रतिको नकरात्मक धारणाको आधारमा उत्तरदाताको विवरण | ४८ |

# शोध सार

यस शोधपत्रमा श्रीमानको मृत्यु भएर एकल विधवा बनेका महिलाहरुको बारेमा अध्ययन गरिएको छ । यो अध्ययन खास गरि पोखरा लेखनाथ महानगरपालिकाको वार्ड नं. ५ मा रहेका **"विधवा महिलाहरुको पुनर्विवाह सम्बन्धि धारणा"** भन्ने विषयमा केन्द्रित रहेको छ । विधवा एकल महिलाहरुको पुनर्विवाह सम्बन्धि धारणा पत्ता लगाउनु र उनिहरुले पुनर्विवाह नगर्नुका कारणहरु के के रहेका छन विश्लेषण गर्नु यस शोध कार्यका मुल उद्देश्य रहेका छन ।

यस शोध कार्यमा उत्तरदाताहरुसगँ तथा मुख्य सुचनादाताहरुसगँ अर्न्तवार्ता अनुसुचि, वैयत्तिक अध्ययन जस्ता विधिहरुको प्रयोग गरी शोधकार्यलाई मुर्त रुप दिने प्रयास गरिएको छ । यस शोधकार्यमा ५३ जना महिलाहरुलाई उत्तरदाताको रुपमा लिई जनगणना विधीद्धारा अर्न्तवार्ता लिईएको छ । साथै यसमा अध्ययन क्षेत्रको तथा पोखरा लेखनाथ महानगरपालिकाका मुख्य तथा बिशिष्ट ब्यक्तिहरुसगँ पनि अर्न्तवाता लिइएको छ ।

अध्ययन क्षेत्रका १०६ जना एकल महिलाहरुमध्ये आधा प्रतिशत नमुना छनोट गरेर जम्मा ५३ जनाको अर्न्तवार्ता अनसुची,४ जनाको वैयत्तिक अध्ययन र ४ जना विशिष्ट व्यक्तिहरुको अर्न्तवार्ताको र विधवा महिलासँग सम्वन्धित सरकारी कार्यालय, विभिन्न गैर सरकारी संस्था तथा अनुसन्धान दाताले तयार पारेको रिपोर्ट, प्रकाशित तथा अप्रकाशित लेख तथा पुस्तकको माध्यमबाट सुचना तथा तथ्याकं सकंलन गरिएको छ ।

महिला र पुरुष एक सिक्काका २ वटा पाटा हुन । श्रीमान श्रीमतीको सयुक्तं सहयात्राले नै जिवनमा पुर्णता पाउछ । नेपाली समाज पितृसत्तात्मक भएको कारणले गर्दा श्रीमानको मृत्यु भैसके पश्चात महिलालाई विधवाको सज्ञां दिदै कष्टकर जिवन बाच्न बाध्य पारिन्छ । श्रीमान नहुदाँ महिलाहरुको आर्थिक, सामाजिक स्थिति निकै दयनिय र कमजोर हुन्छ । त्यसैले यस अध्ययनमा उत्तरदाताको श्रीमानको मृत्युका कारणलाई अध्ययनमा अनुसन्धान गरिएको छ । उत्तरदाताहरुका श्रीमानको मृत्यु हुनाको कारणमा सबैभन्दा बढि २९ जना (५४.७१%) कालगतिल, १० जना (१८.८६) दुर्घटना, दिर्घरोग १४ जना (२६.४१) र आत्महत्या गरेर मृत्यु हुने शुन्य रहेको पाइयो । धेरै उत्तरदाताका श्रीमानहरु कालगतिले नै मृत्युभएको र कसैका श्रीमान दुर्घटनामा परेर,कसैका श्रीमान दिर्घरोग जस्तै क्यान्सर,दम,मुटुरोग आदिका कारणबाट भएको पाइयो । विवाह एक सामाजिक संस्कार हो,जुन सस्कारले वैधानिक रुपमा महिला र पुरुषको सम्बन्धलाई कायम गर्दछ । यस

अध्ययनबाट अध्ययन क्षेत्रका विधवा महिलाहरुका पुनर्विवाह सम्बन्धिको धारणा केहि सकरात्मक तथा केहि नकरात्मक भएको पाइयो । सकरात्मक रुपमा उत्तरदाताले निम्न धारणा व्यक्त गरे : विधवा महिलाहरुले अवस्था र परिस्थिति हेरेर पुनर्विवाह गर्नुपर्दछ । यदि युवा अवस्थाका विधवा महिलाहरुले यदि बालबच्चाहरु छैनन भने पुनर्विवाह गर्दा बालबच्चा हुने, एकान्तपन हट्ने, सुख प्राप्त हुने,जैविक आवश्यकता पुरा हुने, जीवन जीउने आधार हुने, सहारा हुने, इच्छा चाहना पुरा हुने कारणले पनि पुनर्विवाह आवश्यक रहेको धारणा व्यक्त गरे । जवान उमेरमा नै विधवा भाका र यदि उनिहरुका छोराछोरी छन भने पनि असल मानिससँग पुनर्विवाह गर्दा छोराछोरीले पनि वावुको माया,स्नेह प्राप्त गर्ने हुदाँ पुर्नविवाह गर्नु राम्रो भएको र विधवा महिलाहरुका परिवारले पनि उनीहरुलाई छोरी समान व्यवहार गरि असल केटा खोजेर पुनर्विवाह गरिदिनु पर्दछ भन्ने उनिहरुको भनाई थियो । उत्तरदाताहरुले नकरात्मक रुपमा निम्न किसिमको धारणा व्यक्त गरे :विवाह भन्ने कुरा एकचोटि मात्र गनुपर्दछ र यदि केहि गरी श्रीमानको मृत्यु भएको खण्डमा पनि त्यहि श्रीमानकै सतमा बस्नुपर्ने र कसैले यदि श्रीमान मरिसकेपछि पनि श्रीमानकै सतमा बसेर पुनर्विवाह गरिएन भने श्रीमानले स्वर्गमा पनि सुख पाउँछन भन्ने अभिव्यक्ति दिएका छन । उत्तरदाताहरुको भनाई अनुसार एकचोटि भोगिसकेको कुरा भएर पनि फेरि किन विवाह गर्नु ,छोराछोरीको घरवार बिग्रेको खण्डमा त्यसको जीम्मेवारी को हुने हो भन्ने धारणा व्यक्त गरे । अध्ययन क्षेत्रका विधुवा महिलाहरुले पुनर्विवाह नगर्नुका कारणहरु यस्तो रहेको पाइयोःसामाजिक मुल्य, मान्यता र संस्कृती अझै संकुचित हुनु , विधुवा महिलाहरु आर्थिक रुपले सम्पन्न नहुनु , कतिपय विधुवा महिलाहरुको उमेर ढल्कनु , विधुवाका वाल वच्चा हुनु , श्रीमानको मायाले गर्दा उनिहरुको सतमा नै बस्ने चाहना हुनु , असल मानिस नभेट्टाउनु ,विहेवारी भैसकेका छोराछोरीको घरवार बिग्रन्छ भन्ने डर हुनु र विधुवा महिलालाई सामान्यतः केटाहरुले विवाह गर्न नचाहनु आदि कारणहरु प्रष्ट पारेका छन । अध्ययन क्षेत्रका विधवा महिलाहरुको आर्थिक अवस्थालाई हेर्दा कोहि बेरोजगार, कोहि छोराछोरीले नोकरी गरेका, कोहीले व्यापार व्यवसाय गरेका, कसैले घरभाडा लगाएर,कोहि विधवा भत्ताले जिविकोपार्जन गर्ने गरेको पाइएको छ । अध्ययन क्षेत्रका एकल महिलाहरु साक्षर मात्रै भएपनि विभिन्न आमासमुह , एकल समुह तथा अन्य सामाजिक कार्यमा आबद्ध रहेको र सम्भव भएसम्म विभिन्न किसिमका तालिम,सेमिनार र गोष्ठिहरुमा सहभागी हुने र आफुले सानै उमेरमा विवाह गरेको हुनाले धेरै दुख पाएको बताउदै आफना छोराछोरीहरुलाई पनि

विवाह गर्ने उमेर भैसकेपछि र आफु सक्षम भैसके पछि आफुलाई अनुकुल हुने असल जिवनसाथी खोज्नुपर्दछ भनेर सुझाव दिएका छन । उनिहरुले आफुले श्रृगांर तथा रातो वस्त्र प्रयोग नगरे पनि अरु विधवा महिलाहरुलाई आफनो इच्छा, चाहना अनुसार लगाउन हुने र लगाउदा अरुले पनि सकरात्मक रुपमा हेर्ने वताएका छन । उनिहरुका आफना छोरी ,बुहारी विधवाहरुलाई पनि पुनर्विवाह गर वा गर्नुपर्दछ भनेर सम्झाएको र हौसला दिएको बताएका छन । त्यस्तै मुख्य सुचनादाताहरुसगँ गरिएको अर्न्तवाताको क्रममा उहाँहरुले महिलाहरुको लागि बनेको निति नियम विभेदकारी छ र पूर्णरुपमा समाजले उनीहरुलाई अरु महिला सरहको दर्जा पनि दिन नसकिरहेको अवस्था छ र कतिपय सांस्कृतिक कार्यक्रममा समावेश गर्न सहज छैन र नेपाल सरकारले केही थोरै मात्राको मात्र सामाजिक सुरक्षा भत्ता दिएको छ ।

यसैगरी पूनर्विवाह सम्वन्धि उहाँहरुको धारणा बुझ्दा बाजा बजाएर विवाह गर्ने प्रचलन नभएपनि कहिकतै गर्ने गरेको देखिन्छ र धेरै एकल महिलाहरुले पुनर्विवाह नगर्नुका धारणहरु सन्तानको माया र जिम्मेबारी समाजले सहज रुपमा नस्विकार्ने र आत्मनिर्भर तथा सम्पत्तिमा अधिकार नभएकै कारण बताउनु भयो र एकल महिलाको पुर्नविवाह सम्वन्धि समाज र परिवारले सकरात्मक रुपमा हेरी विधवा महिलाहरुलाई नै चेतना अभिवृद्धि गराउन जरुरी छ र पुनर्विवाह नै समस्याको समाधान नरहेका जस्ता आ-आफ्नो विचारहरु व्यक्त गर्नुभयो ।